नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(आपूर्ति, अनुगमन तथा उपभोक्ता संरक्षण शाखा)

बबरमहल, काठमाडौं, नेपाल ।

फोन नं:५३४७९१२, ५३४३९३९

पत्र संख्या: २०८३/८४

च.नं.

**प्रेस विज्ञप्ति**

यस विभागबाट आज मिति २०८३-०४-२० गते बुधबारका दिन तपसिलका उद्योग, फर्महरूको अनुगमन निरीक्षण गर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन/कारवाही गरिएको ब्यहोरा सर्वसाधारण सबैमा जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिन्छ।

**तपसिलः**

| क्र.सं. | उद्योग/फर्मको नाम | ठेगाना | निर्देशन/कारवाही | कैफियत |
|---|---|---|---|---|
| १ | न्यू डायमण्ड फर्निचर सेण्टर | ललितपुर महानगरपालिका-२० , मानभवन | रु.१०,०००/- (दस हजार रुपैया मात्र) जरिवाना गरिएको। (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ बमोजिम खरिद विल नभएकोले सोही ऐनको दफा ३८(घ) बमोजिमको कसुरमा सोही ऐनको दफा ३९(१)(क) बमोजिम जरिवाना) | |
| २ | अजिमा चस्मा घर | काठमाडौं महानगरपालिका-२६ , गोंगवु | रु.५,०००/- (पाँच हजार रुपैया मात्र) जरिवाना गरिएको। (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८(घ) बमोजिमको कसुर देखिएकोले सोही ऐनको दफा ३९(१)(क) बमोजिम जरिवाना) | |
| ३ | कोलोनी प्रोडक्सन एण्ड सप्लायर्स प्रा.लि. | काठमाडौं महानगरपालिका-५ , वसुन्धरा | व्यवसायसँग सम्बन्धित दर्ता प्रमाणपत्र,प्यान दर्ता प्रमाण पत्र, प्याकेजिङ अनुमती पत्र समेतका कागजातहरू लिई ३(तिन) दिन भित्र वाणिज्य विभागमा उपस्थित हुन निर्देशन दिइएको। | |
| ४ | अमन ट्रेडर्स | काठमाडौं महानगरपालिका-८ , जयवागेश्वरी | हरियो केराउ १९७५ के.जी. मौज्दात देखिएको सम्वन्धमा विलविजक र दर्तासँग सम्बन्धित कागजातहरू लिएर ३(तिन) दिन भित्र वाणिज्य विभागमा उपस्थित हुन निर्देशन दिइएको। | |
| ५ | एलिट प्रिन्ट | काठमाडौं महानगरपालिका-१३ , कालिमाटी | यस फर्म उपर परेको उजुरीको सम्वन्धमा सञ्चालकले सम्वन्धित उजुरीकर्तालाई क्षतिपूर्ती भुक्तानी गरेको दावी गरेकोले वाणिज्य विभागले चाहेको वखत उपस्थित हुने गरी हाललाई सामान्य निर्देशन दिईएको । | |
| ६ | साई बाबा ग्याइस उद्योग प्रा. ली. | काठमाडौं महानगरपालिका-१४ , जनपथ मार्ग कलंकी | ग्याँस वितरणमा सहजीकरण गर्नुहुन समेतको निर्देशन दिइएको। | |
| ७ | श्री साई भण्डार | काठमाडौं महानगरपालिका-१४ , कुलेश्वर | MRP र विल विजक अनिवार्य लागू गर्नु हुन समेतको निर्देशन दिइएको। | |
| ८ | गुरु एण्ड के.सी. मार्ट प्राईभेट लिमिटेड | तारकेश्वर नगरपालिका-९ , मनमैजु | मालसामान खरिद/बिक्री गर्दा अनिवार्य विल/विजक लिनुदिनु हुन, म्याद गुज्रेका सामानको कारोवार नगर्नु हुन समेतको निर्देशन दिइएको। | |
| ९ | जोशी खाद्यान्न सप्लायर्स | तारकेश्वर नगरपालिका-९ , मनमैजु | मालसामान खरिद/बिक्री गर्दा अनिवार्य विल/विजक लिनुदिनु हुन, म्याद गुज्रेका सामानको कारोवार नगर्नु हुन समेतको निर्देशन दिइएको। | |
| १० | अनुस्का ह्यान्डिक्राफ्ट प्रा.लि. | काठमाडौं महानगरपालिका-६ , बौद्ध | लेवल सहितको MRP स्टिकर लगाएका मालवस्तुको मात्र कारोवार गर्नुहुन, नियमित रुपमा बिल बिजक जारी गरेर मात्र कारोवार गर्नुहुन समेतको निर्देशन दिइएको। | |
| ११ | चन्द्र विनायक ग्यास स्टोर | काठमाडौं महानगरपालिका-७ , चाबहिल | LPG ग्याँसको कृतिम अभाव हुन नदिई नियमित रुपमा सरल र सहज रुपमा उपलब्ध गराउनु हुन, विल विजक अनिवार्य जारी गर्नुहुन समेतको निर्देशन दिइएको। | |
| १२ | युवराज इलेक्ट्रोनीक सेन्टर | बुढानिलकण्ठ नगरपालिका-३ , बुढानिलकण्ठ | MRP, लेवल र विना विलविजकको कारोवार नगर्नुहुन समेतको निर्देशन दिइएको। | |

मिति: २०८३-०४-२० गते

ने.सं. ११४६